नगराईन नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ९ मिति : २०८१/०२/२५

भाग–१

## नगराईन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

नगराईन, धनुषा

मधेश प्रदेश, नेपाल

**मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८१**

# मर्मत सम्भार कोष संचालन कार्यविधि , २०८१

**प्रस्तावना :** नगराईन नगर पालिका वा अन्तरगतका निकायबाट निर्माण भएका सडक, ढल, खानेपानी, सिचाई, सार्वजनिक पूर्वाधार एवम नगरपालिकाको स्वामित्वमा रहेका सार्वजनिक सम्पतिको दिगोरूपमा संचालनमा ल्याउनका लागि त्यस्ता आयोजनाहरुको नियमितरुपमा मर्मत सम्भार गर्ने कार्य अपरिहार्य हुन्छा । नगराईन नगर पालिकाले पनि सडक, पुल, पुलेसा, ढल, खानेपानी, सामुदायिक भवन, सिचाई, लगायतका भौतिक पूर्वाधारका संरचनाहरुलाई आवश्यकतानुसार मर्मत सम्भार तथा व्यवस्थित गरि दीर्घकालसम्म संचालनमा ल्याउनका लागि  स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा १०२ (२) र नगराईन नगर पालिकाको प्रशासकी कार्यविधि (नियमित गर्ने) ऐन , २०७४ ले दिएको अधिकार प्रयोग गरि नगराईन नगरपालिकाले यो मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८० तयार गरि कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद -१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यबिधिको नाम नगराईन नगर पालिकाको  " मर्मत सम्भार कोष संचालन कार्यविधि २०८१" रहने छ ।

(२) यो कार्यविधि नगराईन नगरपालिकाको नगर कार्यपालिकाले पारित गरि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुने छ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(१) 'ऐन' भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाइ सम्झनु पर्दछ ।

(२) ' सभा ' भन्नाले नगराईन नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।





(३) 'कार्यपालिका' भन्नाले नगराईन नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(४) 'प्रमुख' भन्नाले नगराईन नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(५) 'उपप्रमुख' भन्नाले नगराईननगरपालिको नगर उपप्रमुख सम्झनु पर्दछ ।

(६) 'प्रमुख प्रशासकीय अधिकृत ' भन्नले नगराईन नगर पालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(७) 'स्थानीय तह' भन्नले स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम गठन हुने नगरपालिका सम्झनु पर्दछ ।

(८) 'समिति' भन्नले दफा ८ बमोजिमको समिति सम्झनु पर्दछ ।

(९) 'सार्वजनीक सम्पति' भन्नाले नगराईन नगरपालिकाको स्वामित्वमा रहेका भवन तथा जग्गा, यान्त्रिक उपकरण, बिधुतिय सामग्री, सवारी साधन लगायतका अचल सम्पति सम्झनु पर्दछ ।

(१०) 'संयोजक' भन्नाले कोष संचालन समितिका संयोजक सम्झनु पर्दछ ।

(११) 'सम्बन्धित शाखा' भन्नाले मर्मत सम्भार कोषबाट व्यय हुने गरि मर्मत सम्भार गर्न जिम्मेवारी तोकिएको शाखालाई सम्झनु पर्दछ ।

(१२) 'मर्मत सम्भार' भन्नाले सार्वजनी सम्पतिको नियमित रुपमा मर्मत सम्भार गर्ने कार्य सम्झनु पर्दछ ।

(१३) 'पूर्वाधार' भन्नाले सडक, ढल , सडक पेटी , पुल पुलेसा , कुलो, नहर , सार्वजनीक पार्क , सार्वजनिक भवन (दलान), रंगशाला, ल्यान्डफिल्ड साइट, खेल मैदान, सार्वजनिक शौचालय, साँस्कृतिक सम्पदाहरु आदिलाई सम्झनु पर्दछ।

(१४) 'कोष' भन्नाले नगराईन नगरपालिको मर्मत सम्भार कोष सम्झनु पर्दछ।

३. **कार्यविधिको उदेश्य:** यस कार्यविधिको प्रमुख उदेश्य नगराईन नगरपालिका भित्र रहेका सडक, बाटो, पुल पुलेसा, ढल, खानेपानी, सिचाई, सामुदायिक भवन लगायतका पूर्वाधारहरुको नियमित रुपमा व्यवस्थित तवरले मर्मत सम्भार गर्ने प्रणालीको विकास गर्नु रहेको छ। कोष स्थापनाका अन्य उदेश्यहरु देहाय बमोजिम रहेका छन्।

(१) नगर क्षेत्रभित्र रहेका सार्वजनिक पूर्वाधार एवम सम्पतिहरुको समय मै मर्मत सम्भार गरि ठिक दुरुस्त राख्ने।

(२) कोष संचालन सम्बन्धि प्रक्रियालाई सरल, स्पष्ट, पारदर्शी र व्यवस्थित बनाउने।

(३) उपभोक्ता समिति, नगरपालिका तथा अन्य सरकारी निकायहरुबाट निर्माण भएका पुर्वाधारहरु समयमै मर्मत सम्भार गरि भविष्यमा हुन सक्ने सम्भावित क्षतिबाट जोगाउने।

(४) पूर्वाधार एवम सार्वजनिक सम्पतिहरुको मर्मत सम्भारका लागि श्रोत जुटाउन संघ, प्रदेश र अन्य निकायहरुसँग समन्वय गर्ने।

(५) प्राकृतिक प्रकोप एवम आकस्मिक रुपमा सार्वजनिक सम्पति तथा पूर्वाधारमा पुगेको क्षतिको तत्काल मर्मत सम्भार गरि सुचारु गर्ने।





(६) बार्षिकरुपमा मर्मत सम्भार गर्नु पर्ने सडक लगायत अन्य पूर्वाधारहरुको विवरण तयार गरि मर्मत सम्भार सम्बन्धि कार्यक्रम तयार गर्ने।

(७) स्थानीय श्रोत साधनहरुको व्यवस्थित रुपले संचालन गर्ने।

(८) नगरक्षेत्र भित्र सेवाग्राहीहरुको सेवा प्रवाहमा सुनिश्चितता प्रदान गर्नु।

४. **कार्यविधिको कार्य क्षेत्र र सिमा :** यस कार्यविधिमा मर्मत सम्भारका लागि आवश्यक पर्ने व्यवस्थापकीय तथा संस्थापकीय पक्षलाई पनि समेटिएको छ। नगराईन नगरपालिकाको कार्यालयले आफ्नो प्रयोजनको लागि मात्र यो कार्यविधि बनाएको हुँदा यसको कार्य सिमा नगराईन नगरपालिकाको आफ्नो भौगोलिक क्षेत्रमा मात्र रहने छ। साथै ऐन, नियम,आर्थिक नियम, प्रचलित नीतिगत व्यवस्थाहरुका प्रावधान समेत यसमा आकर्षिक हुने हुँदा यो कार्यविधिलाइ नगरपालिका क्षेत्रमा काम गर्ने विभिन्न सरकारी, गैर सरकारी तथा निजि क्षेत्रका तहलाई समेत मार्ग दर्शनको रुपमा लिन सकिने छ।

## परिच्छेद - २
## मर्मत सम्भार सम्बन्धि नीति तथा कार्यनीतिहरु

५. **नीति :** नगर क्षेत्रभित्र सरकारी तथा गैर सरकारी तहहरुबाट संचालन गरिने विकास निर्माणका कार्यहरु लगायत सार्वजनिक सेवा सम्बन्धि काम कारवाही सन्चालन गर्दा सकेसम्म नगरक्षेत्रका सबै पूर्वाधारका साथै सार्वजनिक सडक, पुल पुलेसी आदिको स्थायी र दिगोपनका लागि आवश्यक मर्मत सम्भार कार्य गर्न नगराईन नगरपालिकाले अनुकुल वातावरण तयार गर्ने नीति अवलम्बन गर्नेछ।

६. **कार्यनीती :** यस कार्यविधिको नीति कार्यावन्यन गर्नका लागि नगराईन नगरपालिकाबाट देहाय अनुसारका कार्यनीति अवलम्बन गरिने छ।

(१) मर्मत सम्भार कार्य भरसक श्रमदान वा कामदारहरु सोझै परिचालन गरि वा उपभोक्ता समितिको माध्यमबाट वा ठेक्का पट्टाबाट गराउने छ।

(२) मर्मत सम्भारका कार्य भरसक श्रममूलक स्थानीय नेतृत्व हुने गरि ,वातावरण मैत्री प्रबिधि प्रयोग गरि सहभागितात्मक प्रक्रियाबाट संचालन गर्ने।

(३) सम्भव भए सम्म स्थानीय नागरिकको ज्ञान,सिप,अनुभव र योग्यतालाई विकास कार्यमा उपयोग गर्ने।

(४) प्रत्येक बर्ष मर्मत सम्भारका कार्यहरुको लागि आवश्यक सुची तयार गरि सम्भाव्य क्षेत्र लगायतका अन्य जोखिमपूर्ण स्थानहरुका साथै सार्वजनिक यातायातलाई सुचारु गर्नु पर्ने जस्ता कुराहरुलाई बढी ध्यान दिई यस किसिमको कार्य सहज र सरल बनाउने।

(५) सडक लगायतका पूर्वाधारहरुको निर्माणकार्य सम्पन्न भएपछी लाभान्वित क्षेत्रका जनता, उपभोक्ता समितिलाई नगरपालिकाको आवश्यक पहलमा मर्मत सम्भार कार्य सहितको जिम्मेवारी क्रमश दिदै जाने।

## परिच्छेद -३
## कोष स्थापना, संचालन र प्रयोग

७. **कोष स्थापना र संचालन :**

(१) नगराईन नगरपालिका क्षेत्रभित्रका सार्वजनिक पूर्वाधार एवम सार्वजनिक सम्पतिको नियमित मर्मत सम्भार गरि संरक्षण एवम सम्बर्ध्दन गर्न मर्मत सम्भार कोष स्थापना गरिनेछ।





(२) कोषमा देहायको रकम जम्मा गरिनेछ।

(क) सभाबाट कोषमा विनियोजित रकम।

(ख) नेपाल सरकार र प्रदेश सरकारबाट मर्मत सम्भार कार्यका लागि प्राप्त रकम।

(ग) अन्य कुनै व्यक्ति,सरकारी निकाय,गैर सरकारी संघ संस्था तथा दात्री निकायबाट कोषलाई प्राप्त अनुदान रकम ,

(घ) मर्मत सम्भारको लागि विनियोजित सम्पूर्ण रकम।

( ङ) अन्य विविध श्रोतबाट प्राप्त रकम।

(३) कोषको रकम कार्यपालिकाले तोकेको बैंक खातामा जम्मा गरिने छ। उक्त कोषमा जम्मा भएको रकम यसै कार्यविधि बमोजिम खर्च गरिनेछ।

(४) मर्मत सम्भार कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ।

(५) कोषको प्रयोग : नगराईन नगरपालिकाको मर्मत सम्भार कोषको प्रयोग नगरपालिका र अन्य सरकारी तथा गैर सरकारी निकायहरुबाट यस नगरक्षेत्र भित्र निर्माण गरिएका सडक, पुल पुलेसा, सार्वजनिक भवन, खानेपानी लगायतका अन्य भौतिक पूर्वाधार एवम सार्जनिक सम्पतिहरुको मर्मत सम्भार तथा आकस्मिक एवम बिपतिबाट क्षति भएको सार्वजनिक पूर्वाधारको मर्मत सम्भारको लागि प्रयोग गरिनेछ।

## परिच्छेद - ४
## समितिको गठन, काम, कर्तव्य र अधिकार

८. **मर्मत सम्भार कोष संचालन तथा व्यवस्थापन समितिको गठन :**

(१) सम्पन्न पूर्वाधारहरुको मर्मत सम्भार कार्य प्रचलित कानुन बमोजिम उअभोक्ता समिति वा सोझै कामदार मार्फत वा ठेक्का मार्फत गराउने व्यवस्था गरिनेछ।

(२) नगरपालिकाको मर्मत सम्भार कार्य व्यवस्थित रुपमा कार्यान्वयन गर्न तथा कोष व्यवस्थापनका लागि एक सचालन तथा व्यवस्थापन समिति रहने छ।

(३) उपदफा (२ ) बमोजिमको गठित समितिमा देहाय बमोजिमका पदाधिकारी संयोजक तथा सदस्य रहनेछ।

| | |
|---|---|
| १. नगर प्रमुख | - संयोजक |
| २. नगर उपप्रमुख | - सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ४. नगरपालिकाको पूर्वाधार विकास समितिको संयोजक | - सदस्य |
| ५. योजना शाखा प्रमुख | - सदस्य |
| ६ . आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| ७ . पूर्वाधार शाखा प्रमुख | - सदस्य सचिब |

४. समितिको बैठक संयोजकले तोकेको समयमा आवश्यकता अनुसार बस्ने छ।





५. संयोजकले आवश्यक ठानेमा कार्यपालिका सदस्य, बिज्ञ, कर्मचारी तथा अन्य व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ।

६. संयोजक , सदस्य तथा अन्य आमन्त्रित व्यक्तिहरुले बैठकमा भाग लिए वापत कानुन बमोजिम बैठक भत्ता पाउने छन्।

९. समितिको काम कर्तव्य र अधिकार : समितिको काम , कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।

(१) मर्मत सम्भार गर्नु पर्ने योजना तथा कार्यक्रम छनौट गरि बजेट बिनियोजन लागि सिफारिस गर्ने।

(२) नगरपालिका भित्रका सार्वजनिक पूर्वाधार एवम सम्पतिको संरक्षण, सम्बर्धन तथा नियमित मर्मत सम्भारका लागि व्यवस्थापन मिलाउने छ।

(३) नगर क्षेत्र भित्रको भौतिक पूर्वाधारहरुको मर्मत सम्भारका कार्यक्रमहरु योजनाबध्द सबै निकायहरुसँग समन्वय गर्ने।

(४) कोषको दिगोपनाको लागि आर्थिक श्रोत जुटाउन संघ,प्रदेशसरकार तथा अन्य दात्री निकाय एवम संघ संस्थासँग समन्वय गर्ने।

(५) कोष बृध्दि ,कोषको संचालन तथा उपयोगका सम्बन्धमा आवश्यक नीतिगत तथा कार्यान्वयनगत निर्णयहरु गर्ने।

(६) कोषको आर्थिक लेखा प्रणाली एवम प्रशासनिक कार्यहरुको निरीक्षण गर्ने तथा सो सम्बन्धमा आवश्यक निर्णयहरु गर्ने।

(७) आवश्यकता अनुसार अन्य कार्य गर्ने।

## परिच्छेद - ५

## कोष संचालन प्रक्रिया र प्राथमिकता

**१०. कोष संचालन प्रक्रिया :**

(क) नियमित मर्मत सम्भार :

(१) सम्बन्धित शाखाले नगर क्षेत्रभित्रका सार्वजनिक पूर्वाधार तर्फ मर्मत सम्भार गर्नुपर्ने कार्यको विवरण संकलन गरि समिति समक्ष पेश गर्ने छ।

(२) शाखाबाट तयार भई पेश भएको मर्मत सम्भार कार्यक्रम/योजनाको प्राथमिकता र उपयुक्तताका आधारमा समितिको स्विकृतमा कोषबाट मर्मत सम्भार गर्न सकिनेछ।

(ख) आकस्मिक मर्मत सम्भार :

(१) प्राकृतिक विपतिबाट सृजित आकस्मिक अवस्थामा लागत अनुमानको आधारमा देहाय बमोजिम मर्मत सम्भार गर्न स्वीकृत लिई मर्मत सम्भार गर्न सकिनेछ।

(क) एकलाख सम्मको लागत अनुमान रहेको मर्मत सम्भार प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा गराउन सक्नेछ।

(ख) एकलाख भन्दा बढी पांच लाख सम्म लागत अनुमान रहेको मर्मत सम्भार नगर प्रमुखको स्विकृतबाट गर्न सकिनेछ। सो भन्दा बढी लागत अनुमान भएका नगर कार्यपालिकाबाट निर्णय गरि संचालन गरिनेछ।



खण्ड : १ संख्या : ९ मिति : २०८१/०२/२५

(ग) सम्बन्धित शाखाले नियमित तथा आकस्मिक कार्यका लागि गरिएको मर्मत सम्भारको चौमासिक रुपमा प्रतिबेदन तयार गरि समिति समक्ष पेश गर्नेछ। समितिले यस्तो प्रतिबेदन माथि आवश्यक छलफल गरि स्वीकृत बजेटको परिधि भित्र भएमा मर्मत सम्भारको स्वीकृत दिने। थप बजेट भएमा कार्यपालिमा पेश गर्ने।

(घ) मर्मत सम्भार गर्दा सम्बन्धित शाखाले (प्राविधिक) मर्मत सम्भार गर्नु पर्ने कार्य प्रचलित कानुन बमोजिम कोषबाट मर्मत सम्भार गर्नेछ।

(ग) पटके मर्मत सम्भार।

(घ) विशेष मर्मत सुधार।

(ङ) आवधिक मर्मत सम्भार।

## परिच्छेद - ६

## मर्मत कार्य,निर्माण सामग्री तथा इन्धन व्यवस्थापन

११. मर्मत गर्नु पर्ने कार्यका लागि आवश्यकता पर्ने निर्माण सामाग्रीहरु प्रचलित कानुन बमोजिम कोषमा विनियोजित बजेटबाट खरिद गरिनेछ।

१२. एक लाखसम्मको निर्माण सामग्री/मिस्त्री र ज्यामी सम्बन्धित शाखाले अधिकार प्राप्त अधिकारीको स्वीकृत लिई मर्मत सम्भार कोषबाट खर्च गर्ने गरि खरिद गर्न सक्नेछ।

१३. मर्मत सम्भार गर्नुपर्ने कार्यका लागि लाग्ने इन्धन मर्मत सम्भार कोषबाट व्यवस्था गरिनेछ । यस्तो मर्मत सम्भार कार्यमा प्रयोग हुने सवारीमा लाग्ने इन्धनको छुट्टै अभिलेख राखिनेछ । मर्मत सम्भारको लागि प्रयोग हुने सवारी साधनको अनिवार्य रुपमा लगबुक राख्नु पर्नेछ ।

१४. कालोपत्रे सडक, भवन,पुल,रिटेनिंग वाल,खानेपानी जस्ता पूर्वाधार मर्मत गर्ने निर्माण कार्यको प्रचलित कानुन बमोजिम कोषबाट संचालन गरिनेछ ।

## परिच्छेद - ७
## विविध

१५. **खरिद प्रक्रिया :** कोषबाट व्ययभार हुनेगरी संचालन गरिने मर्मत सम्भारका लागि आवश्यक सामग्री तथा सेवा खरिद प्रचलित कानुन बमोजिम हुनेछ ।

१६. **सुपरभाइजर खटाउन सक्ने :** कार्यालयबाट हुने सार्वजनिक सम्पति एवम पूर्वाधारको मर्मत सम्भार कार्यको प्राविधिक रेखदेख गर्न सुपरभाइजर खटाउन सकिने छ ।

१७. **मर्मत सम्भारको सुपरिवेक्षण :** कार्यालयबाट गरिने मर्मत सम्भार कार्यको सुपरिवेक्षण सम्बन्धित शाखाले गर्ने छ । अन्य प्राविधिक कर्मचारीलाई खटाउनु परेमा प्रमुख प्रशासकीय अधिकृतले खटाउनेछ ।

१८. अनुगमन तथा मुल्यांकन : नगरपालिकाको मर्मत सम्भार कोष परिचालनका सन्दर्भमा अनुगमन तथा मुल्यांकन व्यवस्था देहाय अनुसार गरिनेछ ।

(१) नगरपालिकाको कार्यालयले यस कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा अनुगमन,निरीक्षण तथा मुल्यांकन गर्दा नगर स्तरीय तथा वडा स्तरीय अनुगमन समितिबाट हुनेछ ।





(२) कार्यक्रमको अन्तिम किस्ता रकम अनुगमन तथा मुल्यानाकंका आधारमा दिइने छ ।

(३) अनुगमन तथा मुल्यांकनका आधारमा कार्यक्रमको जांचपास तथा फरफारक गरिनेछ । तर कुनै कारणले अनुगमन मुल्यांकन हुन् नसकेमा वा अनुगमन मुल्यांकनको प्रतिबेदन नआएमा प्राबिधिक प्रतिबेदन तथा मुल्यांकनको आधारमा नियमानुसार भुक्तानी गर्न कुनै किसिमको बाधा पर्ने छैन ।

१९. **लेखापरीक्षण :** कोषको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखा परीक्षक अधिकृतबाट र अन्तिम लेखा परिक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने छ ।

२०. **बाधा अड्काउ फुकाउने :** यस कार्यविधि कार्यान्वयन वा यस कार्यविधि बमोजिम संचालन हुने कार्यक्रमको सम्बन्धमा कुनै दुबिधा उत्पन्न भएमा वा समस्या परेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउ गर्न सक्ने छ ।

**प्रमाणिकरण मिति : २०८१/०२/०६ गते**

**आज्ञाले,**
**राम गुलाम लाल कर्ण**
**प्रमुख प्रशासकीय अधिकृत**

नगराईन नगरपालिकाद्वारा प्रकाशित मुल्य रु. १०/-